# राष्ट्रिय युवा परिषद्

# सानोठिमी, भक्तपुर




# सूचनाको हक सम्बन्धी वार्षिक प्रतिवेदन

आ.व. २०७९।०८०

## *राष्ट्रिय युवा परिषद्को आ.व. २०७९।८०को पहिलो चौमासिको सूचनाको हक सम्बन्धी प्रतिवेदनः*

*राष्ट्रिय युवा परिषद्बाट आ.व. २०७९।८० को पहिलो चौमासिकमा सूचनाको हक सम्बन्धमा भए गरेका गतिविधिहरू तथा व्यवस्थाहरू:*

### *१. सूचनाको स्वतः प्रकाशन (Proactive Disclosure of Information)*

राष्ष्यि युवा परिषद्वाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम तोकिएका विषयहरू समेटी प्रत्येक चौमासिक अवधिमा सूचनाको स्वतः प्रकाशन तयार गरी परिषद्को वेवसाइटमा राखिएको।

### *२. सूचना प्रविधि शाखा*

परिषद्का तथ्याङ्क र सूचनाहरूलाई व्यवस्थित गर्न तथा सूचनाको सङ्कलन, प्रवाह र सम्प्रेषण सम्बन्धी कार्यका लागि सूचना प्रविधि शाखाको व्यवस्था गरिएको।

### *३. नागरिक बडापत्र (Citizen Charter)*

सम्बन्धित सरोकारवालाहरुलाई परिषद्वाट प्रदान गरिने सेवाको सहजताका लागि निम्नानुसारको नागरिक बडापत्रको व्यवस्था गरी कार्यालयको मूख्य द्वार वाहिर राखिएको।

## नागरिक बडापत्र (Citizen Charter)

| क्र.सं. | सेवाको प्रकार | कार्य प्रक्रिया | लाग्ने शुल्क | समय | शाखाको नाम |
|---|---|---|---|---|---|
| १ | गुनासो व्यवस्थापन | - कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित विषयमा सरोकारवालाहरुबाट लिखित वा मौखिक गुनासो राख्न सकिने। | नि:शुल्क | गुनासोको प्रकृति हेरी गुनासो प्राप्त भएको सोही दिन | प्रशासन, अनुगमन, मूल्याङ्कन तथा आन्तरिक व्यवस्थापन शाखा |
| २ | सेवा आपूर्तिका लागि सूची दर्ता | - परिषदले तोकेको समयावधिभित्र देहायका कागजातहरु सहित निवेदन दर्ता गर्नुपर्ने।<br>(क) संस्था वा फर्म दर्ता प्रमाणपत्र (ख) नवीकरण (ग) कर चुक्ता प्रमाण (घ) कारोवारको प्रकृति (ङ) प्रदान गर्न सकिने सेवाहरु आदि खुलाइएको हुनुपर्ने। | नि:शुल्क | सूचना प्रकाशन भएको १५ दिन भित्र | ,, |
| ३ | संघसंस्था आवद्धता सम्बन्धी कार्य | - सूचना प्रकाशन, जिल्लाबाट सिफारिससहित आवेदन संकलन, आवश्यकता अनुसार अनुगमन, प्रक्रिया पुगेका संघसंस्थाको | रु. ३००० (पाँच वर्षका लागि) | निरन्तर | सामाजिक संघसंस्था समन्वय शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आवद्धताको सिफारिस तथा आवद्धता प्रदान। | | | |
| ४ | संघसंस्थाको आवद्धता नवीकरण | - युवा परिषदमा आवद्ध संघसंस्थाको आवद्धताको म्याद समाप्त भएपछि नवीकरणका लागि सूचनामा तोकिएको कागजात संलग्न राखी निवेदन दिनुपर्ने। | रु. ३००० | नियमित | ,, |
| ५ | एक शिक्षण संस्था एक उद्यम कार्यक्रम | एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यढाँचामा तोकिएको ढाँचामा निवेदन दिनुपर्ने | निशुल्क | सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र | युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा |
| ६ | उद्यमशिलता र वित्तीय साक्षरता तालिम | • कार्यविधिमा तोकिए बमोजिमको ढाँचामा स्थानीय पालिकामा निवेदन दिनुपर्ने<br>• तोकिएको पाठ्यक्रम बमोजिम केन्द्रले तोकेको स्थानमा ७ दिनको तालिम लिन सकिने। | नि:शुल्क | सूचनामा उल्लेख भएको समय भित्र | युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा |
| ७ | युवा परामर्श तथा मार्गदर्शन कार्यक्रम | • जिल्ला युवा समिति तथा आवद्ध संघसंस्था, कलेज, स्थानीय तहबाट माग संकलन गरी मागमा आधारित विषयमा विषय विज्ञद्वारा एकदिवसीय परामर्श सेवा प्रदान गरिने। | नि:शुल्क | असोज देखि असार सम्म | संघसंस्था समन्वय शाखा |
| ८ | युवा क्लब गठन तथा नमूना युवा संसद स्थापना र अभ्यास | - युवा क्लव गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ बमोजिमको प्रक्रिया पूरा गरी स्थानीय वडाक्लबको सदस्य बन्न सकिने।<br>- वडाक्लबको सिफारिसमा गाउँ/नगर स्तरीय युवा संसदको प्रतिनिधिका रुपमा सहभागी हुन सकिने<br>- गाउँ/नगर स्तरीय युवा संसदको सिफारिसमा प्रदेश स्तरीय युवा संसद र प्रदेश स्तरीय युवा संसदको सिफारिसमा संघीय युवा संसदमा सहभागी बन्न सकिने। | नि:शुल्क | सम्बन्धित स्थानीय तह र केन्द्रले तोकेको समयाबधि भित्र | सूचना प्रविधि शाखा |
| ९ | अपाङ्ग युवाका लागि सहयोग सामग्री वितरण | - १६-४० वर्ष उमेर समूहका अपाङ्ग युवाले जिल्ला युवा समितिको | नि:शुल्क | निरन्तर | संघसंस्था समन्वय शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यालयमार्फत् वा व्यक्ति स्वयंले परिषदमा निवेदन दिन सक्ने। - निवेदनसाथ नेपाली नागरिकता¸ अपाङ्गता परिचय पत्र र लिन चाहेको सहयोग सामग्रीको विवरणसहित पेश गर्ने - माग बमोजिमको सहयोग सामग्री उपलब्ध हुने। | | | |
| १० | परिषदसँग सम्बन्धित सूचना प्रदान | - निवेदन र नागरिकताको प्रतिलिपि संलग्न राखी प्रयोजन खुलाएर पेश गर्नुपर्ने। - सूचनाको हक सम्बन्धी निवेदनको कारवाही र किनारा गर्ने आन्तरिक कार्यविधि बमोजिम सूचना उपलब्ध गराइनेछ। | पाँच पृष्ठसम्म नि:शुल्क र सोभन्दा बढी भएमा प्रतिपृष्ठ रु ५ | तुरुन्त | सूचना प्रविधि शाखा/युवा सूचना केन्द्र |
| ११ | अध्ययनका लागि पुस्तक उपलब्ध हुने | - पुस्तकालय सहायकसँग परिचय पत्र देखाई बढीमा तीन घण्टासम्म वाचनालयमा बसेर अध्ययन गर्न सकिनेछ। | नि:शुल्क | तुरुन्त | ,, |
| १२ | इ-लाइब्रेरीको सुविधा उपलब्ध | - सूचना प्रविधि शाखामा निवेदन दिनुपर्ने। - बढीमा तीन घण्टासम्म इ-लाइब्रेरीको प्रयोग गर्न सकिने। | नि:शुल्क | तुरुन्त | ,, |
| १३ | फ्रि वाइफाइको सुविधा | - परिषदको प्राङ्गण भित्र प्रवेश गर्ने हरेक युवा तथा सरोकारवालाहरुलाई मागको आधारमा निरन्तर फ्रि वाइफाइको सुविधा उपलब्ध हुनेछ। | नि:शुल्क | तुरुन्त | ,, |

## *४. उजुरी पेटिका*

सेवाग्राहीको गुनासो सुनुवाईका लागि उजुरी पेटिका राखिएको र नियमित निरीक्षण गर्ने गरिएको।

## *५. सूचना अधिकारी*

सूचना अधिकारी तोकी जिम्मेवारी दिइएको छ। जसको विवरण निम्नानुसार रहेको छ:

नामथर : अशोक पराजुली

पद: शाखा अधिकृत (रा.प.तृतीय)

फोन/मोवाइल:०१-६६३५८३५/९८६१९९३०१

इमेल: info@nyc.gov.np

- सूचना अधिकारीको फोटो र सम्पर्क नम्वर सहितको विवरण सबैले देख्ने गरी कार्यालयको प्रवेशद्वार तथा वेवसाइटमा समेत राखिएको।

## ६. सूचनाको हक सम्बन्धी निवेदनको कारवाही र किनारा गर्ने आन्तरिक कार्यविधि २०७३

सूचनाको हक सम्बन्धी निवेदनको कारवाही र किनारा गर्ने आन्तरिक कार्यविधि २०७३ को व्यवस्था गरी उजुरी तथा गुनासोहरुलाई व्यवस्थित गर्न निवेदन दर्ता गर्ने प्रकिया¸ निवेदनमा संलग्न गर्नुपर्ने कागजात प्रमाणहरु¸ निवेदनमा खुलाउनु पर्ने कुराहरु¸ निवेदनको कारवाही किनारा गर्ने प्रक्रिया र सूचना माग निवेदन तथा कारवाही किनारा सम्बन्धी अभिलेखको ढाँचा समेत तोकिएको र सोही अनुसार कार्य गर्ने गरिएको।

## ७. परिषद्का सम्पर्क नं¸ इमेल¸ फेसवुक पेज¸ नोटिसवोर्ड सेवा तथा वेबसाइटहरुको विवरणः

परिषद्का महत्वपूर्ण सूचना तथा अभिलेखहरु प्राप्त गर्नका लागि निम्नानुसारका सम्पर्क नं¸ इमेल ठेगानामा सम्पर्क गरी लिन सकिने व्यवस्था गरिएको। उक्तानुसारका सूचना तथा अभिलेखहरु परिषद्को फेसवुक पेज र वेवसाइटमा लगइन गरी सोझै प्राप्त गर्न सकिने व्यवस्था गरिएको।

- Phone: 6638152 (कार्यकारी उपाध्यक्ष), 6635133 (प्रशासकीय प्रमुख)¸ 6631276 (सहायता कक्ष)
- Fax: 6630193
- Email: info@nyc.gov.np
- Facebookpage : www.facebook.com/National Youth Council, Nepal
- Website: www.nyc.gov.np

## ८. उजुरी/गुनासो फछ्र्यौट

आ.व. २०७९।८० को पहिलो चौमासिकमा परिषद्मा कुनै उजुरी तथा गुनासो फछ्यौट गर्न बाँकी नरहेको।

## ९. सुचनाको हक सम्वन्धी ऐन २०६३ बमोजिम सुचना तथा जानकारी माग तथा कारवाहिको विवरण

आ.व. २०७९।८० को पहिलो चौमासिकमा परिषद्मा लिखित निवेदन नपरेका र मौखिक रुपमा माग भएका सूचनाहरु माग भएकै समयमा उपलव्ध गराइएको।